श्री

# पाँचथर जिल्ला अदालत

## फिदिम, पाँचथर

पत्र संख्या : ०७८/०७९
चलानी नं. : ४८१

सम्पर्क नं.:-०२४५२०१९५
इमेल:-info.dcpanchthar@supremecourt.gov.np
मिति:२०७८।०५।२८

# सूचना। सूचना।। सूचना।।।

नेपालमा सरकारी कामकाजको भाषा नेपाली भएको तर नेपाली भाषा राम्रोसँग नबुझ्ने व्यक्तिहरु समेत न्यायिक काम कार्बाहीको शिलशिलामा अदालतमा आउँदा न्यायिक काम कार्बाहीमा उनीहरुलाई असुविधा हुने महसुश गरी सरकारी कामकाजको भाषा नबुझ्ने सेवाग्राहीहरुलाई उनीहरुले रोजेको दोभाषेबाट उल्था गराई उनीहरुले बुझ्ने भाषामा न्यायिक सेवा प्रदान गर्न योग्य दोभाषे छनौट गरी दोभाषेको सूची तयार गर्ने भनी मिति २०७८।०५।२७ गते निर्णय भएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दोभाषेको सेवा दिन ईच्छुक उम्मेदवारहरुबाट दरखास्त आव्हान गरिएको छ ।

१. उम्मेदवारको योग्यता:-

- सरकारी कामकाजको भाषा नेपाली भाषालाई राम्रोसँग लेख्न र बोल्न जानेको हुनुपर्ने ।

२. उल्था गर्नुपर्ने भाषा- सरकारी कामकाजको नेपाली भाषाबाट निम्न भाषाहरु:-

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| लिम्बु | राई | तामाङ | मगर | शेर्पा | अंग्रेजी | गुरुङ | सांकेतिक |

३. आवश्यक कागजात:-

- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि

४. यस सम्बन्धमा अन्य कुरा बुझ्न पर्ने भए यस अदालतको प्रशासन शाखामा सम्पर्क राख्नुहोला ।

..................
विश्व जंग सिजापती
श्रेष्तेदार

E-mail:info.dcpanchthar@supremecourt.gov.np
Phone No:024-520195